म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २०१ २०८१ जेठ ३१ गते बिहीबार 13 June 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## सामुदायिक विद्यालयमा असार २३ गतेदेखि परीक्षा

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाका सामुदायिक विद्यालयमा असार २३ गतेदेखि प्रथम त्रैमासिक परीक्षा सुरु हुने भएको छ । नगरस्तरीय शैक्षिक समन्वय समितिको शनिबार सम्पन्न प्रधानाध्यापकहरुसँगको अन्तरक्रियापछि प्रथम त्रैमासिक परीक्षाको मिति तोकिएको समितिका अध्यक्ष भोगेन्द्र लुइटेलले जानकारी दिनुभएको छ । अन्तरक्रियामा ४५ वटा विद्यालयका प्रधानाध्यापकको सहभागिता रहेको थियो । बैठकमा शैक्षिक सत्र २०८० को वार्षिक परीक्षाको समीक्षा समेत गरिएको थियो । बैठकले शिक्षक, विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप समेत गर्ने निर्णय गरिएको अध्यक्ष लुइटेलले जानकारी दिनुभएको छ ।

# अलपत्र प्रदेश गौरवको आयोजना

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले घोषणा गरेको गौरवको आयोजनाहरु अलपत्र अवस्थामा पुगेका छन् । सत्ता राजनीतिको चपेटाका कारण प्रदेशले निर्धारण गरेका गौरवका आयोजनाहरु कार्यान्वयनमा आउन नसकेका हुन् ।

दलहरु सत्ता प्राप्तिको खेलमा केन्द्रित हुँदा प्रदेशको गौरवको आयोजना कार्यान्वयनमा आउन सकेको छैन । कार्यान्वयनको चरणमा अघि बढेका योजनाहरु पनि केही बिचमा नै अलपत्र अवस्थामा छन् भने केही विवादित अवस्थामा मुस्किलले चलिरहेका छन् । राजनीतिक अस्थिरताका कारण प्रदेशमा स्थायी सरकार नबन्दा विकासका योजनाहरु अलपत्र अवस्थामा पुगेको हो ।

प्रदेश सरकार स्थापनाताका ४ वटा आयोजनालाई प्रदेशको गौरवको आयोजनाको रुपमा अघि बढाउने तयारी गरिएको थियो । तत्कालीन समयमा सरकारको नेतृत्वमा रहेको एमालेले सुरुङमार्ग, स्वास्थ्य विज्ञान प्रतिष्ठान, विद्युतीय सवारी सञ्चालन, प्रदेश विश्वविद्यालय र पुष्पलाल प्रदेश चक्रपथलगायतलाई गौरवको आयोजनाको रुपमा अघि बढाएको थियो ।

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले उठाएका उक्त योजनाहरु त्यसपछि बनेका सरकारले क्रमशः छाड्दै गएको देखिन्छ । प्रदेश सरकारको ७ वर्ष अवधिमा प्रदेशमा फरक-फरक राजनीतिक दलको समीकरणमा ४ वटा सरकार बने । उक्त सरकारहरुले सत्ता प्राप्ति र मन्त्रालय भागबण्डा तथा पावर सेयरिङमा ध्यान दिँदा विकासका आयोजनाहरु ओझेलमा परेका हुन् ।

प्रदेशमा पौडेल नेतृत्वको सरकार ढलेसँगै एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बन्नुभयो । ७० दिन सरकार चलाउनुभएको उहाँले खासै काम गर्ने अवसर पाउनुभएन । त्यसपछि शासन सत्ताको नेतृत्व लिएका एमालेबाहेकको सत्ता गठबन्धनका मुख्यमन्त्री राजेन्द्र पाण्डेले तत्कालीन मुख्यमन्त्री पौडेल नेतृत्वमा अघि बढाइएको २ वटा गौरवको योजना स्थगित गर्नुभयो । पाण्डेले प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको भीमफेदी-कुलेखानी सुरुङमार्ग र विद्युतीय सवारी खरिद प्रक्रिया रोकेर आयोजना नै स्थगित गर्नुभएको थियो । त्यसयता प्रदेशमा आम निर्वाचनपछि बनेको सरकारले सो आयोजनालाई चासो दिएको छैन ।

भीमफेदी-कुलेखानी सुरुङमार्ग निर्माणमा लागि तत्कालीन सरकारले १ करोड रुपैयाँ खर्च गरेर तयार गरेको डीपीआर दराजमा थन्किएको छ भने सुरुङमार्ग निर्माण योजना नीति, कार्यक्रम



र बजेट पुस्तिकाबाट हटिसकेको छ । विषेशगरी एमालेले प्राथमिकताका साथ उठाएको उक्त आयोजनाको विषयमा वर्तमान गठबन्धन सरकारमा मुख्य दल एमाले हुँदा पनि चासो देखाएको देखिँदैन ।

प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा विवाद चुलिँदो छ । हेटौंडा अस्पतालको स्वामित्व विवाद स्वभाविक देखिए पनि माथिल्लो निकायसँगकै विवादले प्रतिष्ठानको कार्य उपलब्धी सन्तोषजनक देखिँदैन । कहिले बजेट त कहिले प्रतिष्ठानमा कार्यरत कर्मचारीहरुको तलब भुक्तानीको विषयमा विवाद हुँदै आएको छ । पछिल्लो समय प्रतिष्ठानमा चिकित्सा शिक्षा आयोगले तोकेको छात्रवृत्तिबापतको रकम विनियोजनका विषयलाई लिएर प्रदेशको स्वास्थ्य मन्त्रालयसँग विवाद हुँदै आएको छ ।

राजनीतिक स्वार्थ हावी हुँदा मन्त्रालय र प्रतिष्ठानबिचको 'टसल'ले विद्यार्थीसहित सेवा प्रवाह केन्द्रमा समेत असर पर्दै आएको छ । राजनीतिक असन्तुलनका कारण प्रतिष्ठानले सञ्चालन गर्दै आएको चिकित्सा शिक्षा आयोगको ४ मध्ये २ वटा संकाय अध्ययन अनुमति नै रोक्नुपर्ने अवस्था आउने देखिएको छ । विवादका बिच सञ्चालन भइरहेको उक्त प्रतिष्ठानको संरचनासमेत बन्न सकेको छैन ।

प्रदेशको गौरवको आयोजनाको रुपमा रहेपनि प्रदेश सरकारले आवश्यकताअनुसार बजेट विनियोजन गर्न सकेको देखिँदैन । प्रतिष्ठानको आफ्नै भौतिक संरचना नहुँदा टिसिएनको पुरानो घरमा कार्यालय र भाडाका घरबाट अध्यापन कार्यहरु सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । अस्पताल नहुँदा हेटौंडा अस्पतालमा सेवा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ । तर, त्यहाँ पनि स्वामित्व विवादले चुनौतीपूर्ण अवस्था रहेको छ ।

हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान मातहत गाभ्ने निर्णयविरुद्ध थप समस्या देखिएको छ भने अस्पताललाई छुट्टै राख्नुपर्ने माग बढ्दो छ । अस्पतालमाथि गैरकानुनी ढंगले प्रतिष्ठानबाट आर्थिक र प्रशासनिक अधिकारमाथि हस्तक्षेप तथा अतिक्रमण गरेको आरोपसमेत रहेको छ । लामो इतिहास भएको अस्पतालको गौरव कायम राख्न पनि प्रतिष्ठान मातहत गाभ्न नहुने सरोकारवालाहरुको भनाइ छ ।

प्रदेश सरकारले प्रशासनिक भवन तथा शैक्षिक भवन निर्माण तथा अनुसन्धान र सेवा प्रवाहका लागि संरचना निर्माणमा बजेट दिन नसक्दा संघीय सरकारसँग गुहार माग्नुपर्ने बाध्यता रहेको छ । संघीय सरकारको २३ करोड रुपैयाँ अनुदानमा हेटौंडा अस्पतालको पछाडि ५ तलाको २०० शैया अस्पताल र हेटौंडा-१०, भूटनदेवी मन्दिर नजिक ५८ करोड रुपैयाँ अनुदान रकमबाट शैक्षिक भवन निर्माण भइरहेको छ ।

प्रदेशको गौरवको आयोजनाको रुपमा रहेको प्रदेश सार्वजनिक विश्वविद्यालय स्थापना बामे सर्दै गरेको अवस्थामा रहेको छ । प्रदेश सरकार स्थापनाको ७ वर्षपछि विश्वविद्यालय स्थापनाको काम सुस्त गतिमा अघि बढेको हो । राजनीतिक सहमति जुट्न नसक्दा लामो समय विश्वविद्यालय स्थापनाको काम हुन सकेन । सरकार गठनको दौडका कारण विश्वविद्यालय स्थापना र संरचना निर्माणमा दलहरुको चासो पुग्न सकेन । प्रदेश सरकारले गत २०७८ मा ऐन जारी गरी प्रदेश विश्वविद्यालय स्थापनाको तयारी थालेको थियो ।

तयारी थालेको २ वर्षपछि प्रदेश उच्च शिक्षा परिषद्को कार्यालय स्थापना गरिएको थियो भने ३ वर्षपछि बागमती विश्वविद्यालय नामाकरण गरी कार्यालय स्थापना गरिएको छ । केही दिनअघि मात्र हेटौंडा-८, कमानेस्थित अपाङ्ग पुनःस्थापना केन्द्रको एक कोठामा कार्यालय खडा गरी बोर्ड अफ ट्रष्टी नियुक्त गरिएको छ । प्रदेश सरकारले विश्वविद्यालयका लागि आवश्यक जमिन, भौतिक संरचना तथा प्रशासनिक कार्यालयहरुको व्यवस्थापन गर्न सकेको छैन ।

प्रदेश सरकारले प्रदेश गौरवका आयोजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरे पनि अधिकांश कार्यान्वयनमा नआएकोमा महालेखा परीक्षकको कार्यालयले प्रश्न उठाएको छ । महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदन २०८१ मार्फत् प्रदेश सरकारले कार्यान्वयन गरेको आयोजनाको सेवा प्रवाहसमेत सन्तोषजनक नभएको महालेखाले टिप्पणी गरेको छ ।

बागमती प्रदेश सरकारले आर्थिक २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा ४ वटा योजनालाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेकोमा अधिकांश कार्यान्वयन नभएको महालेखाले जनाएको छ । सरकारले प्रदेश विश्वविद्यालय, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, पुष्पलाल प्रदेश चक्रपथ र पोष्टबहादुर बोगटी (भीमफेदी-कुलेखानी) सुरुङमार्गलाई प्रदेश गौरवको योजना घोषणा गरी कार्यान्वयन गर्ने लक्ष्य निर्धारण गरेको भएपनि कार्यान्वयन नभएको प्रतिवेदनमा उल्लेख छ ।

हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान नामाकरण गरी स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने गरी घोषणा गरेकोमा प्रतिष्ठान रुपान्तरण गर्न ऐन तथा नियमावली जारी भए पनि सेवाको गुणस्तर वृद्धि नभएको महालेखाको प्रतिवेदनमा भनिएको छ । पछिल्लो समय हेटौंडा अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने भन्दै स्थानीयस्तरमा माग गर्न थालेपछि प्रतिष्ठानको कामले अपेक्षाकृत गति पाउन सकेको छैन ।

उता सुरुङमार्गका लागि यसअघि स्रोतसमेत सुनिश्चित गरेको दावी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले गरे पनि पछिल्लो समय उक्त गौरवको आयोजनाको कार्यालयसमेत खारेज गरिएको छ । 'प्रदेश विश्वविद्यालय स्थापना र सञ्चालनका लागि नीतिगत र कानुनी व्यवस्था गर्ने गरी घोषणा भएकोमा नीतिगत तथा कानुनी व्यवस्था गर्नेसम्बन्धी काम भएको छैन', महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

संघीय सरकारको समन्वय र सहकार्यमा पुष्पलाल प्रदेश चक्रपथ (रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट-धादिङ-चितवन-मकवानपुर-सिन्धुली-काभ्रे) को गुरुयोजनाको मस्यौदा २०७६/०७७ मा तयार गरी चक्रपथ खण्डको पहिचान भए पनि त्यसपछिका वर्षमा कुनै पनि कार्य अघि नबढेको प्रतिवेदनमा भनिएको छ ।

# हेटौंडा अस्पतालको खाता सञ्चालन विवादमा

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको बैंक खाता सञ्चालनको विषय विवादमा परेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौंडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कृषि विकास बैंकको हेटौंडा शाखामा रहेको खाता सञ्चालन गरेपछि विवाद भएको हो । यसअघि अस्पताल समितिको खाता अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट र लेखा अधिकृतले सञ्चालन गर्दै आएको थियो । अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट परिवर्तन भएपछि प्रतिष्ठानले खाता सञ्चालनका लागि प्रतिष्ठानकै निर्देशक र लेखा अधिकृतमार्फत खाता सञ्चालन गर्न सुरु गरेसँगै विवाद देखिएको हो ।

हेटौंडा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीधर अर्यालले भने प्रतिष्ठानको कार्यकारी परिषद्का पदाधिकारी र सदस्यसहित अस्पतालको खाता नियन्त्रणमा लिएको दावी गर्नुहुन्छ । डा. अर्यालले प्रतिष्ठानका पदाधिकारीलाई कारवाहीको माग गर्दै मुख्यमन्त्री कार्यालयसहित माथिल्लो निकायमा पत्राचार समेत गर्नु भएको छ । यता मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. धिरेन्द्र गिरिले प्रतिष्ठानको ऐनले निर्देशित गरे अनुसार नै अस्पतालको खाता सन्चालन गरेको बताउनु हुन्छ । उहाँका अनुसार ऐन विपरित कुनै काम नगरिएको र प्रतिष्ठानको ऐनले अस्पताल सन्चालन तथा आर्थिक अधिकार निर्देशकसहित लेखा हेर्ने कर्मचारीलाई तोकेको छ ।

मन्त्रालयको पत्राचारपछि अस्पतालको खाता सञ्चालन गरिएको निर्देशक डा. गिरिले बताउनुभएको छ । 'म प्रतिष्ठानको निर्देशक हुँ । मेरो व्यक्तिगत केही पनि छैन । हामीले ऐनले निर्देशित गरे अनुसार नै काम गरेका हौं', गिरीले भन्नुभयो, 'ऐनमा अस्पताल र आर्थिक अधिकार प्रतिष्ठान अन्तर्गत हुने भनिएको छ । सोही अनुसार कार्यकारी परिषद्को बैठकको निर्णय र रजिष्ट्रारको सिफारिसमा उपकुपतिले आर्थिक अधिकार तोक्ने कानुनी व्यवस्था रहेको छ । त्यस बाहेक पनि मन्त्रिपरिषद्को बैठकको निर्णय अनुसार स्वास्थ्य मन्त्रालयले आर्थिक अधिकारका लागि प्रतिष्ठानलाई पत्राचार गरेको थियो ।'

हालसम्म सो खाताबाट कर्मचारीको एक महिनाको तलब भत्ता मात्र खर्च भएको उहाँले बताउनुभयो । कृषि विकास बैंकसँगै प्रतिष्ठानले नेपाल बैंकमा रहेको अस्पतालको फार्मेसीको खाता पनि प्रतिष्ठानमार्फत नै सञ्चालन गर्न सुरु गरेको छ । नेपाल बैंकको खाताको विषयमा भने मेसु अर्यालले कुनै प्रतिक्रिया जनाउनुभएको छैन । यस्तै संघीय सरकारमातहतका चिकित्सक तथा कर्मचारीको तलबी खाता भने राष्ट्रिय वाणिज्य बैंकमा रहेको छ ।

# हेटौंडाका विद्यालयमा २ दिन गर्मी विदा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले विद्यालयमा दुई दिन गर्मी विदा दिएको छ । बुधबार उपमहानगरको शिक्षा महाशाखाले सामुदायिक, संस्थागत विद्यालय र मन्टेश्वरीलाई समेत सम्बोधन गरेर बिहीबार र शुक्रबार २ दिन गर्मी बिदा दिन भनेको छ । शिक्षा महाशाखाका प्रमुख सीताराम कोइरालाले जनप्रतिनिधि, अभिभावक र विद्यालय सञ्चालकको अनुरोध भई आएकोले दुई दिन विदा दिने निर्णय गरिएको भनी विद्यालयहरुलाई सम्बोधन गरी सूचना जारी गर्नुभएको छ । वर्षेविदाबाट कट्टी हुनेगरि बिहीबार र शुक्रबार विदा दिने सुचनामा उल्लेख गरेको छ ।

# उमाकुण्ड गाउँपालिका अनिवार्य तथा निःशुल्क शिक्षा घोषित

समाज संवाददाता

हेटौंडाः रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भएको छ । मंगलबार एक कार्यक्रमबीच गाउँपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा लागु आएको पालिका घोषणा गरिएको हो ।

गाउँपालिकाले यसअघि पालिकाका ७ वटा वडाहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरेकोमा मंगलबार गाउँपालिका नै घोषणा गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामाले जानकारी दिनुभयो । उमाकुण्ड गाउँपालिका जिल्लाको पहिलो अनिवार्य तथा निःशुल्क शिक्षाको रुपमा घोषित भएको हो । पालिकाले विद्यालय बाहिरका ४० जना विद्यार्थीमध्ये ३९ जना विद्यार्थीलाई विद्यालय ल्याउन सफल भएको छ । एकजना भन्ने शारीरिक अशक्त भएका कारण चुनौती भएको उहाँले प्रष्ट पार्नुभयो । गाउँपालिकाले जन्मदर्ता नभएका विद्यार्थीहरुलाई विद्यालयमा भर्ना गर्न सहयोग गरेको उहाँले बताउनुभयो ।

अनिवार्य तथा निःशुल्क घोषणा भएपछि पनि अनुगमनलाई निरन्तरता दिने लामाले बताउनुभयो । गाउँपालिकाले विद्यालयलाई विभिन्न कार्यक्रम तथा खेलकुदमा सहयोग गर्ने गरेको छ । गाउँपालिका अध्यक्ष लामाका अनुसार शिक्षकलाई अनुदान दिएर दरबन्दीमा राख्ने काम पनि गाउँपालिकाले गरेको छ । यस्तै, पालिकाले ७ वटा माध्यमिक विद्यालयमा कम्प्युटर शिक्षा सुरु गरेको छ भने वडा नम्बर १ मा छात्रावास निर्माणलाई निरन्तरता दिएको उहाँले बताउनुभयो ।

कार्यक्रममा शिक्षा विकास निर्देशनालय हेटौंडाका निर्देशक दीपेन्द्र सुवेदीको प्रमुख आतिथ्य रहेको थियो । गाउँपालिकाका अध्यक्ष शेरबहादुर सुनुवारको सभाध्यक्षता र शिक्षा विकास तथा समन्वय इकाई रामेछापका प्रमुख नेत्रप्रसाद गजुरेलको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । गाउँपालिकामा ४२ वटा विद्यालय छन्, जसमा ३ हजार ५ सय ५२ जना विद्यार्थी अध्ययनरत छन् ।

विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि नि:शुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न व्यक्ति र आकस्मिक रुपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्ततत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परिक्षण नि:शुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरुबाट यो सेवा लिनु हुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

## सम्पादकीय

# दोहोरो संरचनाको औचित्य

संघीयता कार्यान्वयन भएसँगै नेपालमा तीन तहको सरकार बनेको छ । संघीयता कार्यान्वयनको क्रममा बनाइएको प्रदेश संरचना मुलुकका नयाँ हो । नयाँ संरचना भएकै कारण प्रदेश सरकारसँग आम नागरिकको अपेक्षा पनि धेरै छ । तर, प्रदेश संरचना बनेको ७ वर्ष बितिसक्दा पनि यसले पूर्णता र स्थायित्व पाइसकेको छैन । संविधानले संघ, प्रदेश र स्थानीय सरकारका लागि विभिन्न अधिकारहरुको व्यवस्था गरेको छ । नेपालको संविधान २०७२ को अनुसूची ५ मा संघको ३५ वटा अधिकार उल्लेख गरिएको छ । अनुसूची ६ मा प्रदेशको २१ वटा अधिकारसूची रहेको छ । यस्तै, अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची छ, जसमा २५ वटा अधिकार उल्लेख छ । अनुसूची ८ मा २२ वटा स्थानीय तहको अधिकार सूची छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको १५ वटा अधिकारको साझा सूची उल्लेख गरिएको छ ।

तीनै तहको सरकारको एकल अधिकार र साझा अधिकारको स्पष्ट सूची संविधानमै व्यवस्था गरिएको भए पनि कतिपय अधिकार प्रयोग हुन सकेका छैनन् । संघले आवश्यक कानुन निर्माण नगरेको र अधिकार पनि हस्तान्तरण नगरेका कारण प्रदेश तथा स्थानीय सरकारले तोकिएको अधिकार उपयोग गर्न नसकेका हुन् । यस्तै, संविधानमा उल्लेखित कतिपय अधिकारको भने दोहोरा प्रयोग भइरहेका छन् । प्रदेश सरकारको अधिकार भित्र परेका कतिपय व्यवस्थाहरु संघीय सरकारले प्रदेशलाई जिम्मा नदिएका कारण संघ र प्रदेश दुबैले दोहोरो संरचनामार्फत् अधिकार प्रयोग गर्दै आएका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) सञ्चालन सम्बन्धमा पनि अहिले यस्तै समस्या देखिएको छ । संघीय सरकारले सीटीईभीटी सञ्चालनको जिम्मेवारी प्रदेशलाई हस्तान्तरण नगर्दा प्रदेशले आफ्नो सीटीईभीटी गठन गर्ने तयारी गरिएको हो । बागमती प्रदेश सरकारले प्रदेश सीटीईभीटी सञ्चालनको तयारी अघि बढाएपछि दाहोरो संरचना तयार भई अन्यौलता हुने देखिएको हो ।

बागमती प्रदेशको प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत रहने गरी सीटीईभीटी खोल्ने तयारी गरिएको छ । कार्यकारी निर्देशक नियुक्ति गरी प्रदेश सीटीईभीटी गठन प्रक्रिया अघि बढाएको हो । करिब एक महिनाअघिको प्रदेश मन्त्रिपरिषद् बैठकले प्रदेशमा सीटीईभीटी कार्यालय खोल्ने निर्णय गर्नुका साथै आवश्यक दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको थियो । संघीय सरकारलाई काउन्टर दिँदै प्रदेशले आफ्नै सीटीईभीटी स्थापनाको निर्णयले राज्यको दोहोरो संरचना हुने भएको छ । संघीय सरकारअन्तर्गतको सीटीईभीटीको प्रदेश कार्यालय हेटौंडामै रहेको अवस्थामा प्रदेश सरकारले आफ्नै सीटीईभीटी खोल्ने तयारी थालेपछि दोहोरो संरचना हुने भएको हो । संघीय सरकारअन्तर्गतको सीटीईभीटी प्रदेश सरकार मातहत हस्तान्तरण हुनुपर्ने भए पनि कानुनी र प्रक्रियागतरुपमा हस्तान्तरण नगर्दा प्रदेश सरकार आफ्नै सीटीईभीटी गठन गर्ने चरणमा पुगेको हो । यसले संघ र प्रदेशबीच दोहोरा संरचना बन्नेमात्र नभई कार्यक्रम कार्यान्वयनमा पनि जटिलता हुने सम्भावना देखिएको छ ।

संघीय सरकारअन्तर्गतको सीटीईभीटीले प्रदेश सरकारसँग समन्वय गरेर विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको भनिरहँदा प्रदेशले आफ्नै सीटीईभीटी खोलेर दोहोरो संरचना बनाउनुको औचित्य पुष्टि गर्न कठिन हुन्छ । प्रदेश सरकारले अघि सारेको व्यावसायिक सीप विकाससम्बन्धी ३ वटा परियोजना सञ्चालनका लागि प्रदेश सीटीईभीटी खोल्ने तयारी गरिएको बताइएको भए पनि कानुनी व्यवस्थाबिना नै प्रदेश सरकारले सीटीईभीटी सञ्चालन गर्दा त्यसको वैधानिकता के हुने भन्ने प्रश्नचिह्न खडा हुनसक्छ । संघीय सरकारको सीटीईभीटीले गर्दै आएका काम प्रदेश सीटीईभीटीले पनि गर्दा दोहोरोपना भएर राज्यको स्रोत, साधनको दुरुपयोग हुने निश्चित छ । संघीय सरकारको अनुमतिबिना खोल्न लागिएको प्रदेश सीटीईभीटीसँग सीप परीक्षा/परीक्षणलगायत कार्यको वैधानिकता हुने कि नहुने भन्ने कानुनी जटिलता आउनसक्ने देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : दौड धुपमा समय व्यतित हुने योग छ । |
| वृष | : प्रतिष्ठित काम गर्न मौका मिल्ने समयको योग छ । |
| मिथुन | : रोकिएको धन हातपर्ने समयको योग छ |
| कर्कट | : प्रशासनीक कामहरुको समय क्रमश हल होला |
| सिंह | : मर्मतको संघारका लागि योजना बनाइने समय छ । |
| कन्या | : दर्शनीक गतिविधिका काममा सरिक भइला । |
| तुला | : कामप्रति निष्ठा राखि अघि बढ्दा राम्रो । |
| वृश्चिक | : सामाजिक कामबाट लाभ प्राप्ति हुनेछ । |
| धनु | : धार्मिक एंव सामाजिक काममा मन जाला । |
| मकर | : अध्ययन अध्यापनका काम ठिकै रहला । |
| कुम्भ | : प्रतिस्पर्धाका काममा विजयी प्राप्त हुनेछ । |
| मीन | : धार्मिक यात्राको क्षेत्रमा सरिक भइने योग छ । |

# बालश्रम अन्त्यका लागि सार्वजनिक शिक्षाको सुदृढीकरण अपरिहार्य

**सन्दर्भः विश्व बालश्रम बिरुद्धको दिवस-२०२४**



**प्रकाश खतिवडा**

यस बर्षको विश्व बालश्रम बिरुद्ध दिवसको नारा "बालश्रम अन्त्यका लागि हाम्रो प्रतिबद्धता" भन्ने रहेको छ । विश्व श्रमबजारमा बालश्रमको व्याप्त प्रयोग रहेको र बालश्रमकै कारण बालबालिकामा परेको नकारात्मक असर अन्त्य गर्दै जाने उद्देश्यले अन्तर्राष्टिय श्रम संगठन (आईएलओ) को आव्हानमा सन् २००२ देखि बालश्रम बिरुद्धको विश्व दिवस मनाउन थालिएको हो ।

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ बालबालिकासम्बन्धी मूल अन्तर्राष्ट्रिय दस्तावेज हो । संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि, १९८९ को धारा ३२ ले बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा विकासमा अवरोध पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने अधिकार सुनिश्चित गरेको छ। निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि, १९९९ (नं. १८२) लाई नेपाल सरकारले अनुमोदन गरेको छ । निकृष्ट प्रकारको बालश्रम उन्मूलनसम्बन्धी महासन्धि नं. १८२ ले बालबालिकालाई जोखिमयुक्त प्रकारका बालश्रममा लगाउनबाट रोक्नका लागि पहल गर्ने र जोखिमयुक्त प्रकारका बालश्रमबाट बालबालिकाको उद्दार गरी उनीहरुलाई समाजमा पुनर्स्थापित गर्ने कार्यका लागि आवश्यक तथा उपयुक्त प्रत्यक्ष सहयोग प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठनले विद्यालय बाहिर रहेका बालबालिकालाई बालश्रमिक भनी परिभाषा गर्नुको साथै श्रमका लागि न्यूनतम उमेर निर्धारणसम्बन्धी आईएलओ महासन्धि नं. १३८ ले १८ बर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउन निषेध गरेको छ ।

शिक्षाले मानवले के कस्तो श्रम गर्ने भन्ने निर्धारण गर्दछ । जति शिक्षित भयो उति मानसिक श्रम र जति शिक्षाबाट विमुख भयो उति शारीरिक श्रम गर्नुपर्ने हुन्छ । शिक्षा त्यो औजार हो जसले हरेक व्यक्ति भित्र रहेको अन्तरनिहित प्रतिभाको प्रष्फुटन गराउन मद्दत पुऱ्याउँछ । शिक्षाले मानिसको वौद्धिक, सामाजिक, शारीरिक, नैतिक, आर्थिक, राजनैतिक लगायत समग्र पक्षको विकास गर्न मद्दत पुऱ्याउँछ । शिक्षाको माध्यमबाट व्यक्तिले जीवन जीउने संघर्ष गर्न सक्षम हुन्छ । शिक्षामा रुपान्तरण गर्दै सार्वजनिक शिक्षाको सुदृढीकरण गर्ने कार्यमा राष्ट्रिय सञ्जालको रुपमा शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल र एजुकेशन वाच गुप भन्ने सञ्जालले कार्य गरिरहेको देखिन्छ । शिक्षाका लागि राष्ट्रिय अभियान नेपालले निशुल्क अनिवार्य र गुणस्तरीय शिक्षा सम्भव छ भन्ने सपना बोकेर खासगरी बालश्रममा रहेका, अति विपन्न, भुई मान्छेले शिक्षाको उज्यालो घामबाट बन्चित हुनु हुँदैन भन्ने आधारमा पैरवी गर्ने गरेको छ ।

श्रम मानव जीवनको अभिन्न अंग हो । श्रम बिना मानव जीवनको प्रगति सम्भव हुँदैन । मानव जीवनको प्रगतिको आधार श्रम भएकोले मानव जीवनमा श्रमको असाध्यै महत्व हुन्छ । श्रम गर्न मानिस शारीरिक र मानसिक रुपमा परिपक्व चाहि हुन पर्दछ । यदि श्रमबजारमा वयस्कको सट्टा बालबालिका प्रयोग गरियो भने यो बालश्रम शोषण हुन जान्छ । विद्यालय जाने उमेरका बालबालिका श्रममा प्रयोग हुनु भनेको ति बालबालिकाको शारीरिक विकास, मानसिक विकास, वौद्धिक विकास र संवेगात्मक विकासमा नकारात्मक असर पर्न जान्छ । समुदायमा देखिएको बालश्रम शोषण प्रगतिशील समाजको लज्जा र चिन्ताको विषय बन्नु पर्दछ । समाजका विपन्न र अचेत वर्गमा समेत बालश्रमको नकारात्मक असरको बारेमा सचेतना जागृत हुँदै गएको र समाजका प्रवुद्ध वर्ग बालश्रम अन्त्य गर्ने अभियानमा क्रियाशील भएको पाइएकोले अब नेपालबाट बालश्रम अन्त्य हुन्छ भन्ने आशा जागेको छ । विशेषगरी बालश्रमलाई शिक्षा र सीपसँग जोड्न सकियो भने चाहिँ बालश्रम सदाका लागि अन्त्य हुनेछ ।

विगतको तुलनामा नेपालमा बालश्रम घट्दै जानु खुसीको कुरा हो । तर अन्त्य भने हुन सकेको छैन । पछिल्लो तथ्यांक अनुसार नेपालमा ११ लाख बालबालिका श्रममा संलग्न छन् । बालश्रमको बारेमा खण्डीकृत तथ्यांकको भने अभाव खड्की रहेको छ । यस्ता तथ्यांक अद्यावधिक हुन नितान्त आवश्यक छ । बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि संघीय तहमा राष्ट्रिय बाल अधिकार परिषद् छ भने प्रदेशमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि विशिष्टिकृत निकायको रुपमा प्रदेश बाल अधिकार समिति रहने कानूनी व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले प्रदेशस्तरमा प्रादेशिक बालबालिका सम्बन्धी ऐनको निर्माण तथा प्रदेश बाल अधिकार समिति गठन गर्नुपर्ने व्यवस्था रहेको छ । यस्ता विशिष्टिकृत निकाय क्रियाशील हुन सकेमा बाल संरक्षण प्रणालीको सुदृढीकरण हुँदै बालबालिकालाई शिक्षामा सुनिश्चितता र बालश्रम अन्त्य हुने परिकल्पना गर्न सकिन्छ । तसर्थ बालबालिकालाई केन्द्रविन्दुमा राखी गरिने प्रतिवद्धता सार्थक हुन सक्दछ ।

विद्यालय जाने उमेरका बालबालिकालाई अभिभावकले विद्यालय नपठाउनु र विद्यालय छोड्ने दर बढ्दै जानु नै बालश्रमको श्रोत रहेको हुँदा यस क्षेत्रमा काम गर्न पर्ने ठाउँ देखिन्छ । बालबालिकाको गुणस्तरीय शिक्षामा समातामुलक पहुँच र अर्थपूर्ण सहभागिताका लागि सबै बालबालिकापूर्ण समय अनौपचारिक दिवा विद्यालयमा हुनु पर्दछ भन्ने मूल्य स्थापित गरी अभियानको आवश्यकता देखिन्छ । अब ओठे प्रतिवद्धता भन्दा पनि कार्य गर्ने जिम्मेवारीसहितको प्रतिवद्धताको खाँचो देखिएको छ ।

विशेषगरी विश्व बालश्रम बिरुद्धको दिवसमा श्रमिक बालबालिकाको आवाज सुन्ने र उनीहरुको सर्वोत्तम हितको सवालमा छलफल गर्ने, बाल संरक्षणको प्रबर्धन गर्ने, श्रमिक बालबालिकालाई रमाईलो वातावरण दिने दिनको रुपमा लिईन्छ । श्रमिक बालबालिकाको आवाज सुन्न बेलाबेलामा जनप्रतिनिधिसँग बालबालिकाको अन्तरक्रिया हुन आवश्यक छ ।

भोलिको देशको संवाहक मानिने आजका बालबालिकालाई बालश्रममा प्रयोग गरी अदक्ष नागरिक उत्पादन गर्दै जाने हो भने नेपालको समृद्धि सपना मात्र हुन जानेछ । ति बालबालिकाको बालअधिकार हनन् भयो भने वा तिनको संरक्षणको हकबाट कुण्ठित भए भने भावी पुस्ता कस्ता हुने हुन सम्झँदै कहाली लाग्दछ ।

नेपालमा बालश्रमको अन्त्यको सवालमा दिगो विकास लक्ष्य ८.७ का लागि नागरिक मञ्च र बालश्रममा कार्यरत संस्थाहरुको छाता सञ्जालको रुपमा रहेको राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपालले बालबालिकाको संरक्षणको अधिकार सुनिश्चितताका लागि क्रियाशील भइरहेको छ । सातै प्रदेशमा संगठन बिस्तार गरी प्रदेश सरकार र सबै स्थानीय सरकारलाई बालश्रममुक्त घोषणा गराउने, बाल संरक्षणको सवालमा रचनात्मक कार्यक्रम र नीतिगत रुपमा पारित गर्नुपर्ने नीतिहरु र सरकारबाट यसअघि पारित नीति, नियमको सफल कार्यान्वयनको सवालमा आवाज उठाउने कार्य गरिरहेको छ । यसका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद् अत्यन्तै सकारात्मक देखिएको छ । बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ लाई समय सापेक्ष बालश्रम अन्त्यका लागि देखिएको जटिलता अन्त्य गर्न समयमा नै संशोधन गर्न सरोकारवालाहरु पैरवी र वकालत गर्ने कार्यमा क्रियाशील छन् । ऐनको संशोधन र बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) को सफल कार्यान्वयन गर्न सहकार्यका लागि सम्बद्ध निकाय र प्रबुद्ध वर्गलाई हार्दिक अपिल समेत गर्दछौं ।

कानूनले तोकेको भन्दा कम उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनुलाई बालश्रम शोषण भनिन्छ । बालश्रम शोषण गर्नु कानुनी र सामाजिक अपराध हो । नेपालको सन्दर्भमा १८ वर्ष मुनिका बालबालिकाले उनीहरुको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने काम बालश्रम हो । बालबालिकालाई सामाजिकीकरण गर्न, सीपहरु सिक्न, सिकाउनका लागि तथा उनीहरुको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्यालयमा वा समाजमा गरिने काम जसले उनीहरुको शारीरिक, मानसिक विकासमा नकारात्मक असर गर्दैन भने त्यसलाई बालश्रम भनिँदैन । यस्ता कामहरुले बालबालिकालाई कुनै पनि अन्तर्राष्ट्रिय कानूनहरुले सुनिश्चित गरेका अधिकारहरुमाथि हस्तक्षेप गर्दैनन् ।

बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ लाई अँगाल्दै प्रत्येक स्थानीय सरकारले बालश्रम अन्त्यका लागि पालिकास्तरीय बालश्रम निवारण नीति तर्जुमा र कार्यान्वयन गरिनु नितान्त आवश्यक छ । प्रत्येक स्थानीय सरकारले आफ्नो पालिकाभित्र बालश्रममुक्त स्थानीय तहका निम्ति प्रतिवद्धता व्यक्त गर्ने वडालाई विशेष अनुदान प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ । प्रत्येक वडा तहलाई बालश्रममुक्त वडा घोषणका लागि बालश्रमिक समेतको सहभागितामा बालभेला आयोजना गरी कार्यक्रमसहित कार्ययोजना निर्माण गर्नका लागि आवश्यक सहजीकरण गर्ने कार्य पालिकाको हो । खासगरी पालिकाभित्र सञ्चालनमा रहेका उद्योग, व्यवसायलाई बालश्रममुक्त उद्योग व्यवसायका रुपमा सञ्चालनका लागि प्रोत्साहनका कार्यक्रमहरुको व्यवस्था गर्न प्रतिबद्धताको खाँचो देखिएको छ । पालिकामा १५ बर्षभन्दा बढी उमेरका बालबालिका लक्षित निःशुल्क रोजगार मूलक सीप, शिक्षा तथा प्राविधिक शिक्षाको व्यवस्था गरिएमा मात्र बालश्रम न्युनीकरणमा सहयोग पुग्दछ ।

हरेक गाउँपालिका र नगरपालिका बालमैत्री हुनु पर्दछ जसका लागि योजनाबद्धरुपमा लक्ष्य र कार्ययोजना हुनु पर्दछ । आवाजविहिन बालबालिकाको आवाजहरु बुलन्द गर्न सकिएको छैन । कानुनको कार्यान्वयनको अभावले कानुन निरिह बन्दै गइरहेको आभाष हुँदैछ । तर हामी सरोकारवालाहरुको क्रियाशीलतामा श्रमिक बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्दै बालश्रम शोषण अन्त्य गरी बाल अधिकारको सम्मानका लागि पैरवी गरिरहेका छौं । बालश्रम अन्त्यका लागि श्रममा भएका बालबालिकाको कुरा सुन्नु सबैको जिम्मेवारी हो । तसर्थ श्रममा संलग्न भएका बालबालिकाको कुरा सुन्ने प्रणालीको विकास गर्दै श्रमिक बालबालिकालाई शिक्षा र सीपमा समाहित गर्दै उनिहरुको सर्वोत्तम हितको सुनिश्चित गरी बालश्रम अन्त्य गर्ने प्रतिबद्धता जनाऔं । घन्यबाद ।

*अध्यक्ष, बाल कल्याण समाज, मकवानपुर*

# नतिजा होइन प्रयास महत्वपूर्ण



**अञ्जु भट्टराई**

'तिमी कमजोर छौ वा सबल ? यो कुरा तिम्रो रिजल्ट होइन तिम्रो प्रयासले बताउँछ ।'

हिन्दी फिल्म 'छिछोरे'को यो संवाद गहकिलो मात्र छैन, उत्तिकै मननयोग्य पनि । खासगरी ती तमाम अभिभावकका लागि जो आफ्ना छोराछोरीको सफलता र भविष्यमाथि सरोकार राख्छन् ।

भारतीय क्रिकेटले सगौरव सम्बोधन गर्ने एउटा नाम छ, महेन्द्र सिंह धोनी । उनले बारम्बार भन्ने गरेका छन्, 'म जति पनि अन्तर्वार्ता दिन्छु, हरेकमा मेरो एउटै सल्लाह वा सुझाव हुनेगर्छ, प्रक्रिया एकदमै महत्वपूर्ण छ नतिजा भन्दा । नतिजा त प्रक्रियाको उपज मात्र हो । यदि हामीले राम्ररी तयारी गर्ने, आफैंप्रति इमान्दार रहने र सही ढंगले काम गर्ने हो भने सोचेजस्तै नतिजा हासिल हुन्छ ।'

*'कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन मा कर्मफलहेतुर्भूर्मा ते सङ्गो स्त्वकर्मणि'*

श्रीमद्भागवत गीताको यो श्लोकले 'कर्म गर फलप्रति आशक्ति नराख' भन्छ । यो भनाइलाई कतिपयले अपव्याख्या गरेको पाइन्छ । जबकि यसले कर्म वा प्रक्रियामा इमान्दार हुन प्रेरित गर्छ । कर्म हाम्रो हातमा छ नतिजा होइन ।

### नतिजाको मोह

केही समयअघि हामी 'साथसाथै' भन्ने संस्थाबाट हिमाली यात्रामा निस्किएका थियौं । बाटोमा ७२ वर्षीया महिला भेटिइन्, स्वीस नागरिक । नाम मरिना । पहिले १४ वर्षकी छँदा उनले सगरमाथा आधार शिविरसम्म यात्रा गरेकी रहिछन् । यसपालि आफ्नो छोरा र श्रीमानलाई लिएर उनी विगतमा हिंडेका पाइलाहरु पछ्याइरहेकी थिइन् ।

हामीलाई गन्तव्यमा पुग्न हतार थियो, त्यसैले सकेसम्म फटाफट हिंड्थ्यौं । तर उनलाई कति पनि हतार थिएन । उनी भनिरहेकी थिइन्, 'मलाई त यहीं चरा, खोला, पहाडसँग रमाइलो गर्नुछ । गन्तव्यमा पुग्ने हतारो छैन ।'

हुन पनि उनी गन्तव्यका लागि दौडधुप गरिरहेकी थिइनन्, यात्रामै रमाइरहेकी थिइन् । तर हामी ? नतिजामुखी भएछौं ।

'छोरीले परीक्षामा कति अंक हासिल गरिन् ?' 'दौड प्रतियोगितामा छोरो प्रथम भयो वा दोस्रो ?' हामीलाई नतिजासँग

....बाँकी पृष्ठ ३ मा

## हेटौंडा सिमेन्ट उद्योगका अध्यक्ष भण्डारीद्वारा पदभार ग्रहण

# मजदुर र कर्मचारीको सहयोगमा उद्योग चलाउने प्रतिवद्धता

समाज संवाददाता

हेटौंडाः हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समितिका नवनियुक्त अध्यक्ष नरेन्द्र भण्डारीले पदभार ग्रहण गर्नुभएको छ। बुधबार भण्डारीले अध्यक्षको पदभार ग्रहण गर्नुभएको हो। पदभार ग्रहण गर्नुहुँदै कर्मचारी, मजदुर, सरोकारवाला पक्षको साथ र सहयोगमा उद्योगलाई सुचारु गर्ने र प्रतिस्पर्धी बजारमा उद्योगलाई सशक्तरुपमा स्थापित गर्ने भण्डारीले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

उद्योग नजिकै रहेर आफूले उद्योगको विषयमा धेरै कुरा जानकारी लिएको उल्लेख गर्नुहुँदै उद्योग समस्यामा पर्नुका कारण पहिचान गरेर सुधार गर्नुपर्ने पक्षका विषयमा अध्ययन गरेर अगाडि बढ्ने बताउनुभयो । अल्पकालिन र दीर्घकालिन सोँचका साथ काम गर्ने उहाँको भनाइ छ । कार्यक्रममा हेटौंडा सिमेन्ट उद्योग सञ्चालक समितिका पूर्वअध्यक्ष श्रीधर पोखरेलले हेटौंडाको गौरवको रुपमा रहेको सिमेन्ट उद्योगलाई जीवितै राख्न, नियमित सन्चालन गर्न आफू र आफ्नो पार्टीको तर्फबाट सदैव सकारात्मक भूमिका रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले कर्मचारी, मजदुरको सहयोग बिना उद्योग नियमित सन्चालन र व्यवस्थापन सम्भव नभएको स्पष्ट पार्नुहुँदै सबैको साथ र सहयोगका लागि आग्रह समेत गर्नुभयो ।

हेटौँडा सिमेन्ट उद्योगका महाप्रबन्धक बसन्त कुमार पाण्डेले कमजोर अवस्थामा रहेको हेटौँडा सिमेन्ट उद्योग सन्चालनको योजनाको प्रस्ताव मन्त्रालयमा पुगेको जानकारी गराउनुभयो। सेवानिवृत्त कर्मचारीको भुक्तानी हुन नसकेको, नियमित सन्चालनमा पनि समस्या रहेको बताउनुहुँदै महाप्रबन्धक पाण्डेले मन्त्रालयका सचिव, मन्त्री र प्रधानमन्त्रीसम्म समस्या समाधानको लागि पहल भइरहेको जानकारी गराउनुभयो। उद्योग सञ्चालक समितिका सदस्य दिपेश कुमार शाहीले चुनौतिका चांगका बीचमा नयाँ अध्यक्ष नियुक्त हुनुभएको जानकारी गराउनुहुँदै चुनौतिका बाबजुद अवसर पनि रहेको बताउनुभयो । चालु पुँजीको अभाव नै उद्योगको प्रमुख समस्या भएको जीकिर गर्नुहुँदै नवनियुक्त अध्यक्ष स्थानीय समेत हुनुले उद्योगले पुनर्जीवन पाउनेमा उहाँ आशावादी रहेको उल्लेख गर्नुभयो ।

संविधान सभा सदस्य अनन्त प्रसाद पौडेलले कुनै बेला नाफामा गएको सिमेन्ट उद्योगलाई सुधार गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारमा रहँदा र नरहँदा सहयोग गरेर उद्योग सन्चालनमा आफू र आफ्नो पार्टीलाई प्रयोग गर्ने उहाँको भनाइ थियो । पदस्थापन कार्यक्रममा उद्योगका मजदुर, कर्मचारीसँगै जिल्ला समन्वय समिति मकवानपुरका निवर्तमान अध्यक्ष रघुनाथ खुलाल, बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाईको पनि उपस्थिति रहेको थियो ।

## विद्यार्थी र अभिभावकलाई पाठ्यक्रमबारे जानकारी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ स्थित फेमकोल एकेडेमीले विद्यार्थी र अभिभावकलाई पाठ्यक्रमबारे जानकारी गराउन सुरु गरेको छ। सोमबार एकेडेमीकी प्रिन्सिपल कविता मुडवरीको अध्यक्षतामा कार्यक्रम सुरु भएको हो ।

विद्यार्थी र अभिभावकलाई वर्षभरी पढाई हुने पाठ्यक्रमबारे जानकारी गराउन कार्यक्रम सुरु गरेको एकेडेमीकी प्रशासन प्रमुख सुष्मा नकर्मीले जानकारी दिनुभयो। विद्यार्थीहरुलाई वर्षभरी पढाउने पाठ्यक्रमको बारेमा अभिभावकलाई पनि जानकारी गराउने उद्देश्यले कार्यक्रम गरेको उहाँले बताउनुभयो ।

विद्यार्थीहरुलाई पाठ्यक्रमसँगै विद्यालयले सञ्चालन गर्ने अतिरिक्त कार्यक्रमको बारेमा पनि जानकारी गराएको उहाँले बताउनुभयो । कार्यक्रम बुधबारसम्म सञ्चालन हुनेछ। नर्सरीदेखि कक्षा ५ सम्म पठनपाठन हुने विद्यालयमा ४ सय ३५ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

# जनता माविका २८ शिक्षकलाई ल्यापटप वितरण



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिका-८ स्थित जनता माविले शिक्षकहरुलाई ल्यापटप वितरण गरेको छ । संघीय नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यक्रमअन्तर्गत शिक्षकहरुलाई ल्यापटप वितरण गरेको विद्यालयका प्रधानाध्यापक दिनेश माझीले जानकारी दिनुभयो ।

सोमबार एक कार्यक्रमका बीच २८ जना शिक्षकहरुलाई २८ थान ल्यापटप वितरण गरिएको हो । करिब ९ लाख रुपैयाँ लागतमा खरिद गरेको ल्यापटप वितरण गरेको प्रधानाध्यापक माझीले बताउनुभयो । शिक्षकहरुलाई डिजिटल तरिकाले पठनपाठन गराउन सहज होस् भन्ने उद्देश्यले ल्यापटप वितरण गरेको उहाँले बताउनुभयो । उहाँले केही दिनभित्र सबै शिक्षकहरुलाई आईटी ज्ञानसँगै ल्यापटपमा गर्न सकिने शैक्षिक क्रियाकलापबारे प्रशिक्षण दिने बताउनुभयो । त्यसपछि शिक्षकहरुले ल्यापटपबाटै आफ्नो दैनिक पाठयोजना बनाएर विद्यालय प्रशासनलाई डिजिटल माध्यमबाट बुझाउने उहाँले बताउनुभयो । यसले गर्दा शिक्षक र विद्यार्थीहरु पढ्न पूर्वतयारी हुने उहाँको भनाइ छ । कक्षा १२ सम्म पठनपाठन हुने विद्यालयमा अहिले १ हजार १ सय जना विद्यार्थी अध्ययनरत छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेरबहादुर रानाको सभाध्यक्षता तथा बागमती गाउँपालिकाका प्रमुख सर्केश घलानको प्रमुख आतिथ्यमा भएको ल्यापटप वितरण कार्यक्रममा वडा नम्बर ८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिना, ३ नम्बर वडाध्यक्ष एव्म पालिकाका सामाजिक विकास संयोजक कमानसिंह पाखिन, शिक्षा शाखा प्रमुख प्रमोद राई र शिक्षक अभिभावक संघका अध्यक्ष प्रकाश सञ्जेलगायतको उपस्थिति रहेको थियो ।

# बालश्रम निवारणका लागि अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकामा बालश्रम निवारणका लागि बालक्लबका बालबालिकासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बुधबार विश्व बालश्रमविरुद्ध दिवसको अवसरमा बालश्रम निवारणका लागि अध्यक्ष उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग अन्तरक्रिया भएको हो ।

बालश्रमिक रीना भोलनको सभाध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेको प्रमुख आतिथ्यमा अन्तरक्रिया कार्यक्रम भएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै पालिकाका अध्यक्ष लामिछानेले बालश्रमको अन्त्य गर्नका लागि यस्ता प्रकारको सचेतनामूलक कार्यक्रम आयोजना गर्न आवश्यक रहेको बताउनुभयो । विपन्न परिवारका बालबालिकाको जिम्मा पालिकाले लिने गरेको अध्यक्ष लामिछानेले बताउनुभयो । पालिकामा बाल संरक्षणको नीति रहेको र त्यो नीतिले बालश्रमको कुराहरुलाई समेटेको उहाँले बताउनुभयो ।

बालबालिकाले घरमा गर्ने काम बालश्रममा नपर्ने घारणा राख्नुहुँदै अध्यक्ष लामिछानेले घरायसी कामले शिक्षाको क्षेत्रमा कुनै प्रकारको असर नपर्ने बताउनुभयो। उहाँले कार्यक्रममा सहभागी भएका विद्यार्थीहरुलाई लागूपदार्थ दुर्व्यसनीमा नलागरेर आफ्नो शिक्षालाई प्राथमिकता दिन आग्रह गर्नुभयो। पालिकाले विद्यालयमा उठाउने भनेको सहयोग शुल्क विद्यार्थीहरुले आफ्नो इच्छाअनुसार दिनसक्ने उल्लेख गनुहुँदै विपन्न परिवारका व्यक्तिहरुले तिर्न नपर्ने व्यवस्था मिलाउन लागेको उहाँको भनाइ छ।

कार्यक्रमकी सभाध्यक्ष भोलनले आफू जस्तो विद्यालयको पढाइ छाडेको बालबालिकाहरुका लागि पालिकाले सीपमूलक र जीवन उपयोगी तालिम दिन आवश्यक रहेको धारणा राख्नुभयो । तालिममार्फत् बालबालिकाले श्रमबाट मुक्त भएर आयमूलक काम गर्नसक्ने उहाँले बताउनुभयो ।

बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाले पालिकाको नीति, योजना र बजेट बनाउने समयमा श्रमिक बालबालिकाको आवाज सुनुवाई गर्ने बताउनुभयो । श्रमिक बालबालिकाको सर्वोत्तम हितका लागि काम गर्न, बाल संरक्षण प्रणालीको सुदृढीकरण गर्न र बालश्रममुक्त स्थानीय सरकार बनाउनका लागि कार्यक्रमको आयोजना गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा सहभागी भएका बालबालिकाले आफूले भोग्नुपरेको समस्या समाधानमा जोड दिएका छन्। पालिकाले बालबालिकाको तथ्यांक लिएको भए उक्त तथ्यांकको विश्लेषण गरी काम गर्नुपर्नेमा सहभागी बालबालिकाले जोड दिएका हुन्। बालश्रमिकलगायत जोखिममा परेका बालबालिकाको उद्दार र पुनःस्थापनाका लागि पालिकाले गरेका कार्यप्रति बालबालिकाले जिज्ञासा व्यक्त गरेका छन्।

स्वतन्त्रता अभियान नेपाल, बाल कल्याण समाज मकवानपुर र ग्लोबल मार्चको संयुक्त आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा ३५ जना बालबालिकाको सहभागिता रहेको थियो। कार्यक्रममा पालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, निमित्त प्रमुख प्रशासकीय अधिकृत युवराज सुवेदी, वडा नम्बर ३ का वडा अध्यक्ष भुमल सिं घलान, रोजगार संयोजक रामचन्द्र खड्का, महिला विकास निरीक्षक होमकुमारी सञ्जेल, बालमैत्री सहजकर्ता सविन खड्कालगायतको उपस्थिति रहेको थियो ।

# धादिङ र काभ्रेमा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको दुई जिल्लामा २ जनाको मृत्यु भएको छ । प्रदेशको काभ्रेपलाञ्चोक र धादिङ जिल्लामा एकै दिन दुई जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका-१२, ज्याम्दीमा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ३६ वर्षीया सञ्जु पराजुली रहेको प्रहरीले जानकारी दिएको छ ।

मंगलबार बिहान ८ बजेको समयमा पराजुली आफ्नै घरबाट खेतमा मल बोकी जाने क्रममा एक्कासी लडेर बेहोस भएकी थिइन् । पराजुलीलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा दिउँसो २ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, धादिङ जिल्लाको थाक्रे गाउँपालिका-२, महादेववेसीमा एक जना पुरुष मृत फेला परेका छन् । मंगलबार प्रतीक्षालयमा नामथर नखुलेको अन्दाजी ४५ वर्षीय पुरुष मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

## अधिकृत विक्रेताद्वारा प्रजिअलाई स्वागत

# अनावश्यक दुःख दिने काम रोक्न आग्रह

समाज संवाददाता

हेटौँडाः मकवानपुर अधिकृत विक्रेता संघले मकवानपुरका नवआगन्तुक प्रमुख जिल्ला अधिकारी (प्रजिअ) तीर्थराज चिलुवाललाई स्वागत गरेको छ। बुधबार प्रजिअ चिलुवालको कार्यकक्षमै पुगेर अधिकृत विक्रेताले स्वागत गरेका हुन् ।

प्रजिअ चिलुवाललाई स्वागत गर्नुहुँदै संघका अध्यक्ष अमित श्रेष्ठले बजारमा भइरहेको चरम आर्थिक मन्दीलाई आत्मसात गर्दै अहिले बजार अनुगमनका क्रममा व्यवसायीले दुःख पाइरहेको भन्दै त्यसलाई नियन्त्रण गर्न आग्रह गर्नुभयो । बजारमा अहिले विभिन्न करको नाममा अनावश्यक दुःख दिने काम भइरहेको उहाँको भनाई छ । यस्तै संघका पूर्व सल्लाहकार राजकुमार न्यौपानेले अहिले बजारमा पसल चोरी र सवारी दुर्घटना बढिरहेको भन्दै यसमा विशेष ध्यान दिन आग्रह गर्नुभयो। यसका लागि बजारभित्र राखिएको सीसीक्यामेरा मर्मत गरी आवश्यक परेको स्थानमा जडान गर्न विशेष ध्यान दिन उहाँले आग्रह गर्नुभयो । प्रजिअको स्वागत कार्यक्रममा संघका पूर्व अध्यक्षहरु चक्रधर विडारी, विष्णु दाहाल, वर्तमान महासचिव सुदर्शन पाठक, कोषाध्यक्ष दिपेशमणि भण्डारीको उपस्थिति रहेको थियो ।

## नतिजा होइन...

मतलब छ। प्राप्त नतिजालाई हेरेर हामी उसको सफलता र असफलताको लेखाजोखा गर्छौं ।

मानौं तपाईंकी छोरी चित्रकला प्रतियोगितामा प्रथम भइनन्। किन प्रथम भइनन्? किन अरुले भन्दा राम्रो चित्र बनाउन सकिनन् ? हाम्रो ध्यान यसतर्फ जान्छ।

छोरा तुलनात्मक रुपमा मोटा छन्। तौल घटाउन उनका लागि सोही अनुरुप खानपान तालिका तय गरिएको छ, जिम प्रशिक्षकको जिम्मा लगाइएको छ । तर निर्धारित समयमा किन मोटोपन घटेन ?

हामी नतिजामा बढी केन्द्रित छौं । पढेपछि उत्तीर्ण हुनुपर्छ, दौडेपछि गन्तव्यमा पुग्नुपर्छ, प्रतियोगितामा सहभागी भएपछि जित्नुपर्छ। यस किसिमको अपेक्षाले हाम्रा छोराछोरीमा दबाब पैदा हुन्छ वा सिर्जनशील हुन्छन् ? हाम्रा छोराछोरीको मनोविज्ञान 'जित्नैपर्छ' भन्ने विकास हुन्छ वा 'प्रयास गर्नुपर्छ' ?

### जित्नैपर्छ भन्ने छैन

एउटा प्रचलित उदाहरण छ। माछा र चरालाई पौडी प्रतियोगितामा सामेल गराइयो भने निःसन्देह माछाले जित्नेछ। तर यसको अर्थ यो हुँदैन कि चरा अक्षम वा कमजोर हो। जब हामी उड्ने प्रतियोगितामा यी दुवैलाई सहभागी गराउनेछौं, त्यसमा चराले जित्नेछ । जित र हार भन्ने कुरा नतिजा हो । र, नतिजाले कसैको पनि सर्वाङ्गीण क्षमतालाई मूल्यांकन गर्दैन ।

हामी जीवनको अंकगणितमा अल्झिएका छौं, गुणवत्तामा होइन। कसैले पैसा कमायो। हामी सोध्छौं- 'कति कमायो ?'

किनभने हामीलाई त्यसको नतिजा वा अंकबारे बढी चासो छ । हामीले यो सोध्दैनौं कि, 'उसले कसरी कमायो ?' अर्थात् पैसा कमाउनका लागि कस्तो दुःख गऱ्यो ? कस्तो जुक्ति अपनायो ? कस्तो त्याग गऱ्यो ?

सफल हुनु र नहुनु, पास हुनु र नहुनु, जित्नु र नजित्नुले यो कुरा तय गर्दैन कि ऊ कस्तो बालबालिका हो । किनभने सबै बालबालिका समान क्षमताका हुँदैनन्। जन्म, हुर्काइ, परिवेश, अभिभावकत्वले उनीहरुको क्षमता विकासमा सोझो प्रभाव पार्छ। जसले गर्दा एकजना पढाइमा अब्बल हुनसक्छ, अर्को फुटबलमा, एक जना वाद्यवादनमा तगडा हुनसक्छ भने अर्को कथा-कविता लेख्नमा ।

यसर्थ हरेक ठाउँमा जित्नैपर्छ भन्ने छैन । सबैलाई उछिन्नैपर्छ भन्ने छैन । सबैभन्दा अगाडि हुनैपर्छ भन्ने छैन । जरुरी त के मात्र छ भने त्यसका लागि तिमीले कति प्रयास गरेका थियौ ?

### प्रयास महत्वपूर्ण

चित्रकला प्रतियोगितामा छोरी प्रथम भइनन् । यो त फगत नतिजाको कुरा हो। नतिजाभन्दा प्रयास महत्वपूर्ण हुन्छ। यहाँसम्म आइपुग्न उनले के-कति अभ्यास गरेका थिए ? कस्तो तयारी गरेका थिए ? कति मेहनत गरेका थिए ? कति अनिंदो बसेका थिए ? कति भोक सहेका थिए ?

जबकि उनले रंग र ब्रस खेलाउन थुप्रै मेहनत गरेकी थिइन् । विद्यालयबाट फर्कनासाथ बगैंचामा गएर चित्र बनाउने अभ्यास गर्थिन् । रंगहरुको मिश्रण गर्ने तरिका सिकेकी थिइन् । थुपै पटक स्केच बनाउँदै, मेट्दै गरेकी थिइन्। कसरी चित्र बनाउने भनी सोधीखोजी गरेकी थिइन् ।

अब नतिजाको आधारमा उनको क्षमताको मूल्यांकन गर्नु कति उचित हो ? आँखा चिम्लेर सोच्नुहोस् त ।

मानौं तपाईंको छोराले परीक्षामा अपेक्षा गरेअनुरुप अंक हासिल गरेनन् । तपाईंको प्रतिक्रिया के हुन्छ ? 'तिमी कमजोर भयौं', 'तिमीले अरुलाई उछिन्नुपर्थ्यो', 'तिम्रो पढाइ भएन' ।

लापरवाहीले गर्दा मात्र उसको नतिजा यसप्रकार आएको नहुन सक्छ । उसले पढेको थियो, लेख्ने अभ्यास गरेको थियो, सुन्ने र बुझ्ने कोसिस गरेको थियो । अर्थात् उसले प्रयास गरेको थियो । उसले जुन प्रयास गरेको थियो, हामीले त्यसलाई सराहना गर्ने हो ।

विद्यालय होस् वा घर, हामीले बालबालिकाको नतिजा नभई प्रयास वा प्रक्रियालाई महत्व दिनुपर्छ। मेरो छोरोले बेलाबखत खाना पाकाउँछन्। उसले मीठो पकाउँदा मात्र मैले 'स्याबास' भन्ने होइन। भलै खाना नमिठो हुनसक्छ तर सो खानेकुरा पकाउन उनले सक्दो मेहनत गरेको हुनसक्छ। नयाँ स्वाद, नयाँ रंग, नयाँ सुगन्ध निकाल्ने प्रयास गरेको हुनसक्छ। पोषक तत्व नष्ट नगरी स्वादिष्ट पनि बनाउन चाहेको हुनसक्छ । तर अपेक्षा गरेअनुसार त्यो खानेकुरा स्वादिलो नहोला । यस्तो अवस्थामा हामीले के भन्ने ?

'कस्तो नमिठो खाना' भन्ने कि उनले जुन प्रयास गरेका थिए त्यसलाई कदर गर्ने ?

यदि उनले खानेकुरा मीठो बनाएको हुँदो त हामी भन्ने थियौं, 'अहो, तिमीले कति स्वादिलो बनायौ।' तारिफ गर्ने यो तरिका पनि त्यति निको मानिंदैन । विख्यात मनोविज्ञ क्यारोल ड्वेकको भनाइ यहाँ सान्दर्भिक हुन्छ। उनी भन्छिन्, 'कुनै बालबालिकालाई तिमी फर्स्ट भयौं भनी तारिफ गर्नुभन्दा पनि तिमीले फर्स्ट हुनका लागि गरेको प्रयास राम्रो लाग्यो भन्नु उपयुक्त हुन्छ।'

नतिजालाई प्रशंसा गर्नु सही होइन भन्ने उनको तर्क छ । किनभने नतिजा जसरी पनि हासिल हुनसक्छ। मानौं, दुई बालकलाई कुनै बिन्दुबाट दौडिन लगाउँदा एउटाले जित्यो । जबकि दोस्रो बालकको खुट्टामा घाउ हुनसक्छ ।

खुट्टामा घाउ भएपनि उनले दौडिनका लागि लामो अभ्यास गरेको हुनसक्छ । दौडिने क्रममा उनीसँग जुत्ता नहुन सक्छ । नाङ्गो खुट्टा, त्यसमाथि घाउ। यस्तो अवस्थामा उनले दौडेर जुन दूरी पार गरे, त्यो पो महत्वपूर्ण कुरा हो।

दौडिनका लागि उनमा जुन लगाव थियो, जुन तत्परता थियो, जुन धैर्यता थियो, त्यो कुरालाई हामीले मूल्यांकन गर्नुपर्छ।

शिक्षाविद् एवं मनोवैज्ञानिक एन्जेला डकवर्थको भनाइ यहाँ मननयोग्य छ । उनी भन्छिन्, 'हामीले बालबालिकालाई कहिल्यै नथाक्ने बनाउनु जरुरी छ। उनीहरुले कुनै पनि काममा निरन्तर प्रयास गरिरहुन्। आफ्नो प्रक्रियाबाट पछाडि नहटुन्। चाहे सफल होउन् वा नहोउन्, तर आफ्नो प्रयास सधैं जारी राख्नु महत्वपूर्ण हो।'

*(भट्टराई काठमाडौंको काँडाघारीस्थित अक्षरा स्कुलकी कार्यकारी निर्देशक हुन् । स्रोतः अनलाईनखबर)*

# ३३ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) को आठौं स्थापना दिवसको अवसरमा बुधबार बिहान रक्तदान कार्यक्रम भएको छ ।

पार्टीको मकवानपुर जिल्ला कमिटीले हेटौँडा-४, हुप्रचौरस्थित पार्टी कार्यालयमा आयोजना गरेको कार्यक्रममा ३३ जनाले रक्तदान गरेका छन्। रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोग रहेको थियो ।



# बकैयामा कृषि उत्पादनलाई प्राथमिकता

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि कृषि क्षेत्रमा प्राथमिकता राखेर नीति, योजना, कार्यक्रम तथा बजेट ल्याउने भएको छ। आगामी असार १० गते प्रस्तुत हुने बजेटमा गाउँपालिकाले कृषि क्षेत्रलाई प्राथमिकता दिने भएको हो।

पालिकाका अध्यक्ष धर्मराज लामिछानेका अनुसार कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट बनाउने कार्य भइरहेको छ। बजेटमा शिक्षा, स्वास्थ्य, पयर्टन र पूर्वाधार विकास केन्द्रित रहने उहाँले बताउनुभयो। उहाँले हालका महत्वपूर्ण कार्यक्रमहरुलाई निरन्तता दिँदै आगामी वर्ष पनि कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको बताउनुभयो।

उहाँले चालु आर्थिक वर्षमा गाउँपालिकाको कृषि क्षेत्रमा धेरै उपलब्धी हासिल हुने दावी गर्नुभयो। गाउँपालिकाले चालु आर्थिक वर्षमा कृषि क्षेत्रको विकास र कृषकहरुलाई लक्षित गरी दुईवटा उद्योग सञ्चालन गर्ने वातावरण बनाएको उहाँले बताउनुभयो। गाउँपालिकाकै पहलमा नदी उकास जमिनको संरक्षण र सदुपयोग गरी कृषि उद्योग ग्राम स्थापना गरेको र उक्त स्थानमा पशु दाना उद्योग र साइलेज उद्योग निर्माण गरेको उहाँले बताउनुभयो। उहाँले उक्त उद्योग सञ्चालनमा ल्याएको पनि बताउनुभयो।

उहाँका अनुसार वडा नम्बर-७ मा स्थापना गरिएको उद्योगबाट उत्पादित दाना र पशु आहारा सहुलियत दरमा कृषकहरुलाई उपलब्ध गराउने तयारी भइरहेको छ। ५ करोड ५० लाख रुपैयाँ लागतमा निर्माण सम्पन्न उक्त उद्योग हालै सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। गाईवस्तुलाई वर्षैभरी दिनुपर्ने हरियो घाँस र आहाराको आवश्यकता उक्त उद्योगबाट पूरा हुने उहाँको भनाइ छ। उद्योगमा दर्जनौंले रोजगारी पाएको र किसानहरु पनि पशुपालनमा लाग्न हौसला पुगेको उहाँको भनाइ छ। दाना र साइलेज उत्पादनका लागि पालिकाले कच्चापदार्थ किन्ने तयारी गरिहेको पनि उहाँले बताउनुभयो।

उहाँले आगामी आर्थिक वर्षमा प्राङ्गारिक मल बनाउने उद्योग सञ्चालन गर्ने बताउनुभयो। रासायनिक पर्दाथरहित कृषि खेतीका लागि अत्यधिक माग हुने प्राङ्गारिक मल बनाउन पालिकाले उद्योग चलाउन लागेको उहाँले बताउनुभयो। प्राकृतिक स्रोतहरुलाई प्रयोग गर्दै मल बनाउने उहाँले बताउनुभयो। यसले गर्दा किसानहरु विषादीरहित कृषि उत्पादनमा प्रेरित हुन मद्दत पुग्ने उहाँको भनाइ छ। गाउँपालिकाको आयस्रोत वृद्धिमा पनि काम गर्ने तयारी रहेको उहाँले बताउनुभयो। गत वर्षको तुलनामा यसवर्ष बढी राजस्व संकलन भएको उहाँले बताउनुभयो।

यस्तै, पालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले आगामी आर्थिक वर्षमा आर्थिक रुपान्तरण, सामाजिक रुपान्तरण र रोजगारी सिर्जना गर्ने खालका नीति तथा कार्यक्रमहरुलाई समावेश गर्ने बताउनुभयो। यसका लागि चालु आर्थिक वर्षमा भएका विकास निर्माण र अन्य कार्यक्रमको समीक्षा गर्ने क्रममा रहेको उहाँको भनाइ छ। 'हिजो गरेका विकास निर्माणका कामले कति उपलब्धी हासिल गरे, कुनलाई निरन्तरता दिनुपर्ने र कुनलाई क्रमभङ्ग गर्नुपर्ने ? के गर्दा उचित हुने भनेर मनन गरिरहेका छौं। यो वर्ष जनताको आर्थिकस्तरमा रुपान्तरण हुने खालको बजेट आउँछ', उहाँले भन्नुभयो।

गाउँपालिका उपाध्यक्ष खत्रीले जनताको चेतना अभिवृद्धि र समाजमा भएका विकृति, विसंगतिहरुलाई हटाउने, विपन्न नागरिकलाई सम्पन्नतातिर उन्मुख गराउने खालको नीति, योजना आउने बताउनुभयो। गाउँपालिकाले चालु आर्थिक वर्षमा कृषि औद्योगिक ग्राम निर्माण गरी कृषिमा उल्लेख्य काम गरेको बताउनुहुँदै आगामी आर्थिक वर्षमा पनि कृषि उत्पादन र पशुपालनमा नै प्राथमिकता दिएर बजेट आउने उहाँले दावी गर्नुभयो।

अहिले पालिकाअन्तर्गतका दूध डेरीहरुलाई सोझै कम्पनीसँग सम्पर्क गरेर एक-एक महिनामा भुक्तानी आउने गरी गाउँपालिकाले स्वामित्व लिएको उहाँले बताउनुभयो। यसले गर्दा किसानहरुले समयमै दूधको भुक्तानी पाएको र किसानहरु खुशी भएको उहाँको भनाइ छ। पालिकाले अहिले समपूरक बजेटका कामहरु गरिरहेको बताउनुहुँदै उहाँले यसवर्ष शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारतर्फ पनि धेरै काम गरेको जानकारी दिनुभयो।

गाउँपालिकाले १५ शैयाको अस्पताल निर्माणलाई तीव्रता दिएको उहाँले बताउनुभयो। आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षकै हाराहारीमा बजेट आउने उहाँले बताउनुभयो। संघीय र प्रदेशबाट प्राप्त हुने अनुदान कटौती हुने कुराले लक्ष्य निर्धारण गर्न नसकिरहेको पनि उहाँको भनाइ छ।

## पालिकामा बजेटको तयारी

# बागमतीमा उत्पादन केन्द्रित

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि उत्पादनसँग केन्द्रित भएर बजेट ल्याउने तयारी गरेको छ। गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ल्याउने नीति, योजना, कार्यक्रम तथा बजेटमा उत्पादन र उत्पादकत्व वृद्धिलाई केन्द्रित गर्ने भएको हो।

स्थानीय नागरिकहरुको आयआर्जनमा सघाउने उद्देश्यअनुसार गाउँपालिकाले कृषि तथा घरेलु उद्यमका उत्पादन वृद्धिमा बजेट कायक्रम केन्द्रित गर्ने तयारी गरेको छ। गाउँपालिकाले कृषि उत्पादनमा लगानी बढाउने र व्यावसायिकतातर्फ अग्रसर गराउने तयारी गरेको हो।

गाउँपालिकाका अध्यक्ष सर्केश घलानका अनुसार पालिकाले उत्पादन केन्द्रित बजेट ल्याउने तयारी भइरहेको छ। उत्पादनसँग जोड्दा जनताको आर्थिकस्तरमा सुधार आउने, आत्मनिर्भर बन्ने र युवाहरु विदेश पलायन हुनबाट रोक्ने उहाँको भनाइ छ। उत्पादनसँग जोडेर नागरिकहरुलाई कृषि उत्पादनबाटै आत्मनिर्भर र व्यावसायिक बनाउने लक्ष्य रहेको उहाँले बताउनुभयो। चालु आर्थिक वर्षमा पनि गाउँपालिकाले उत्पादन केन्द्रित बजेट ल्याएर काम गरिरहेको भन्दै उहाँले आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिन लागेको बताउनुभयो।

राज्यको लगानी उत्पादन केन्द्रित हुनुपर्ने बताउनुहुँदै उहाँले भौतिक विकासमा धेरै लगानी गरेको र अब किसानलाई आत्मनिर्भर बनाएर आर्थिकरुपमा बलियो बनाउनुपर्ने बताउनुभयो। उहाँका अनुसार कृषकहरुलाई व्यावसायिकतातर्फ उन्मुख गराउन आवश्यक प्रविधि तथा कार्यक्रमहरुमा गाउँपालिकाले बजेट केन्द्रित गर्ने तयारी गरेको छ। गाउँपालिकाले केही घरधुरीबाहेक सबै ठाउँमा विद्युत् विस्तार गर्न सफल भएको र सडक विस्तारजस्ता महत्वपूर्ण भौतिक पूर्वाधारतर्फ उल्लेख्य काम गरेको पनि उहाँले बताउनुभयो।

गाउँपालिका अध्यक्ष घलानले गाउँपालिकाले अहिले कृषि क्षेत्रमा व्यापक लगानी गर्न सुरु गरेको बताउनुभयो। कृषकहरुलाई निःशुल्क बिउ बाँडेको, कृषि प्राविधिक सेवा र कृषि उपकरणहरु निःशुल्क गरिरहेको उहाँले बताउनुभयो। आवश्यकताको आधारमा सबै क्षेत्रको विकास गर्न अहिले जनताहरुसँग सुझाव लिइरहेको उहाँको भनाइ छ।

यस्तै, गाउँपालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिनाले आगामी आर्थिक वर्षका लागि जनताहरुको माग र आवश्यकताका योजनाहरु बनाउन वडा-वडामा जनप्रतिनिधिसँग जनता कार्यक्रम सञ्चालन गरिने बताउनुभयो। उहाँले यसवर्ष कृषि उत्पादन र रोजगारीलाई प्राथमिकतामा राखेर नीति, कार्यक्रम, योजना तथा बजेट ल्याउने बताउनुभयो।

गाउँपालिकाले राजस्व संकलनका लागि आगामी आर्थिक वर्षमा नयाँ ढंगले अघि बढ्ने नीति ल्याउने उहाँले बताउनुभयो। उहाँका अनुसार आगामी आर्थिक वर्षदेखि गाउँपालिका आफैंले क्रसर उद्योग सञ्चालन गरी राजस्व संकलन बढाउने तयारी भइरहेको छ। सो कार्यका लागि लागि अहिले ठेक्का प्रक्रिया सुरु भइसकेको उहाँले बताउनुभयो।

गाउँपालिकाले प्राकृतिक स्रोत साधनको सदुपयोग गरी राजस्व संकलन गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो। उहाँले आगामी आर्थिक वर्षको बजेट कति रकमको ल्याउने भन्नेबारे भने छलफल गर्न बाँकी रहेको बताउनुभयो। संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान कटौती हुने भन्दै यसवर्ष पनि चालु आर्थिक वर्षकै हाराहारीमाा बजेट आउन सक्ने उहाँले बताउनुभयो।

राष्ट्रिय गाउँपालिका महासंघ बागमती प्रदेशका सदस्यसमेत रहनुभएका उपाध्यक्ष तिमल्सिनाले संघीय र प्रदेशले कटौती गर्ने भन्ने रकमको विरोध गरिरहेको बताउनुभयो। यस विषयमा गाउँपालिका महासंघले पटक/पटक ध्यानाकर्षण गराइरहेको बताउनुहुँदै उहाँले मागको सम्बोधन नभए आन्दोलन गर्ने चेतावनीसमेत दिनुभयो। जनताको माग र आवश्यकतालाई मध्यनजर गर्दै धेरै काम गर्नुपर्ने समयमा अनुदान कटौती गर्न नहुने उहाँको भनाइ छ।

उहाँले असार १० गतेसम्ममा पालिकाले आगामी आर्थिक वर्षका लागि बजेट ल्याउने बताउनुभयो। गाउँपालिकाकाले चालु आर्थिक वर्षका लागि ६८ करोड ३० लाख रुपैयाँको बजेट ल्याएको थियो।

# निबन्ध प्रतियोगितामा सिलवाल प्रथम

समाज संवाददाता

हेटौंडाः मातृभूमि साहित्य समाजको आयोजनामा भएको निबन्ध लेखन प्रतियोगितामा तुलसीमेहर मेमोरियल स्कूलकी श्रीयाङ्क सिलवाल प्रथम हुनुभएको छ। प्रतियोगितामा ६२.५ अंक प्राप्त गर्दै सिलवाल प्रथम हुनुभएको हो। शुक्रबार आयोजना गरिएको प्रतियोगिताको नतिजा मंगलबार सार्वजनिक भएको मातृभूमि साहित्य समाजका उपाध्यक्ष हेमन्त ढुंगेलले जानकारी दिनुभयो।

प्रतियोजितामा सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीका सचित कुमार यादव ६१ अंकसहित दोस्रो, ज्ञानदा माध्यमिक विद्यालयकी प्रत्युसा स्याङ्तान ५९.९ अंकसहित तेस्रो र सोलिड्यारिटीका प्रविन घलान ५८ अंकसहित सन्त्वना हुनुभएको छ। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीलाई क्रमशः ३ हजार, २ हजार, १ हजार र पाँच सय रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिएको छ।

पुरस्कार वितरण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का वडाध्यक्ष फुर्वा दोर्जे लामाको प्रमुख आतिथ्य रहेको थियो भने मातृभूमि साहित्य समाजका अध्यक्ष कृष्ण प्रसाद दहालको सभाध्यक्ष रहेको थियो। कार्यक्रममा प्रमुख अतिथि लामाले विकास भौतिक मात्र नभएर मानसिक र सामाजिक रहेको भन्दै वडा सधैंभरी यस्तो कार्यक्रममा हातेमालो गर्न तयार रहेको बताउनुभयो। वडास्तरीय निबन्ध प्रतियोगिता "विद्यार्थी माझ सामाजिक सञ्जालको बढ्दो प्रयोग" भन्ने शीर्षकमा भएको हो। स्थलगत निबन्ध लेखनअघि विद्यार्थीलाई निबन्ध लेखनको विषयमा अभिमुखीकरण समेत गराइएको ढुंगेलले बताउनुभयो। कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० मा रहेको सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी, ज्ञानदा माध्यमिक विद्यालय, तुल्सिमेयर मेमोरियल स्कूल र संस्कृत वेद विद्यालयका ६३ जना विद्यार्थीलाई सहभागिता रहेको थियो।

# प्रदीप ज्ञवालीलाई हेटौंडामा सम्मान गरिने

समाज संवाददाता

हेटौंडाः राजनीतिकर्मी तथा लेखक प्रदीप ज्ञवालीलाई श्यामप्रसाद शर्मा स्मृति सम्मान-२०८१ समर्पण गरिने भएको छ। साहित्य संगम मकवानपुरले मंगलबार पत्रकार सम्मेलन गरेर ज्ञवालीलाई सम्मान गर्ने जानकारी गराएको छ। आगामी असार ७ गते हेटौंडामा एक कार्यक्रमका बीच २५ हजार राशीको सम्मानसहित प्रदीप ज्ञवालीको एकल कविता वाचन तथा सांगीतिक कार्यक्रम आयोजना गरिने बताइएको छ।

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको सहयोगमा साहित्य संगम मकवानपुरले साहित्यकार श्यामप्रसाद शर्माको स्मृतिमा सम्मान प्रदान गर्दै आएको छ। यसअघि १५ हजार ५ सय ५५ रुपैयाँ राशी रहेको सम्मान यस वर्षदेखि २५ हजार रुपैयाँ पुऱ्याइएको हो। हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को सहआयोजना तथा वडा कार्यालयको प्रवर्द्धनमा सम्मान समर्पण एवम् एकल कविता वाचन तथा सांगीतिक कार्यक्रम आयोजना गर्न लागिएको साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले जानकारी दिनुभएको छ।

कार्यक्रममा प्रदीप ज्ञवालीका कविता साहित्यकार निमेष निखिल र सुवास खनालले पनि वाचन गर्नुहुनेछ भने प्राध्यापक घनश्याम घिमिरेले प्रदीप ज्ञवालीका कवितामाथि समीक्षा गर्नुहुनेछ। कार्यक्रममा प्रदीप ज्ञवालीले रचना गर्नुभएको गीत आशाकाजी श्रेष्ठले गाउनुका साथै स्थानीय श्यामकुमार बानियाँ र पुरुषोत्तम आचार्यले पनि आआफ्ना गीत गाउने कार्यक्रम तय गरिएको छ।

# बालश्रमविरुद्ध दीप प्रज्वलित




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ ले बुधबार बालश्रमविरुद्ध दीप प्रज्वलित गरेको छ। वडाले २० वर्षपारी जिम्मेवारी र रोजगारी भन्ने मुल नाराका साथ दीप प्रज्वलित गर्दै बालश्रमविरुद्ध दिवस मनाएको हो।

कार्यक्रममा वडा बालमैत्री सम्पर्क व्यक्ति गीता त्रिपाठीले ४ नम्बर वडालाई बालमैत्री घोषणा गर्ने तयारी भइसकेको बताउनुभयो। उहाँका अनुसार वडाले बालबालिकालाई अन्तरक्रिया गराउने, अतिरिक्त क्रियाकलापमा अगाडि राख्ने, बालबालिकाको क्षमता विकास गर्ने कार्यक्रम गरिरहेको बताउनुभयो।

वडाले डेढ वर्षदेखि अभियान चलाउँदै आएको छ भने विभिन्न बाल समूह बनाएको छ।

## जनहितमा जारी सन्देश

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरुले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई, नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ। माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानुन बमोजिम हुने व्यवहोरा पनि जानकारी गराइन्छ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**विष्णु बहादुर दाहाल**
**अध्यक्ष तथा**
**६ नम्बर वडा कार्यालय परिवार**

# मृतक व्यवसायीका परिवारलाई सहयोग

समाज संवाददाता

हेटौंडाः मृतक व्यवसायीका परिवार लाई मकवानपुर उद्योग वाणिज्य संघले नगद सहयोग गरेको छ। बुधबार संघले मृतक व्यवसायी केशव मुडवरी र दिनेश कार्कीको परिवारलाई नगद सहयोग गरेको हो।

हेटौंडा-१३, पदमपोखरीस्थित स्टेशनरी व्यवसायी मुडवरीका श्रीमती लक्ष्मी सापकोटा र हेटौंडा-८, कमानेका ढुवानी व्यवसायी कार्कीका श्रीमती रमाकुमारी कार्कीलाई परिवारको उपस्थितिमा संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले दुई-दुई लाख रुपैयाँको चेक हस्तान्तरण गर्नुभएको हो। मकवानपुर ग्यास व्यवसायी संघको अध्यक्ष एवम् फेमकोल एकेडेमीका फाउण्डरसमेत रहनुभएको व्यवसायी मुडवरीको जेठ २ गते मकवानपुरको बागमती गाउँपालिका-४ स्थित धरान-चतरा सडकखण्डमा दुर्घटनामा परेर मृत्यु भएको संघका अध्यक्ष अग्रवालले बताउनुभयो। ढुवानी व्यवसायी कार्कीको मकवानपुरको मनहरी गाउँपालिका-६ मा जेठ १२ गते मृत्यु भएको उहाँले बताउनुभयो।

दुबै व्यावसायीको मृत्युको घटनाले संघलाई स्तब्ध बनाएको भन्दै अध्यक्ष अग्रवालले जिल्लामा दुःखमा परेको व्यसायीलाई सहयोग गर्ने कामबाट संघ पछि नपर्ने बताउनुभयो। संघले आफ्नोतर्फबाट मृतक परिवारलाई केही रकम सहयोग गरे पनि पारिवारिक कर्तव्यबाट पछि नपर्न दुबै पक्षलाई अनुरोध गर्नुभयो। घरपरिवारलाई सही ढंगले चलाउनका लागि बुबा, आमा, दाइ, भाइ, श्रीमती सबैको आफ्नो जिम्मेवारी हुने उहाँले धारणा राख्नुभयो। नगद हस्तान्तरण कार्यक्रममा संघका कोषाध्यक्ष सन्तोष अर्याल, सदस्य सीतादेवी भेटवाल, दिवश पराजुलीलगायतको उपस्थिति रहेको थियो।

